# मिलनसार ध्वाँसे चितुवा



# The Friendly Clouded Leopard


Friends of Nature FON 2005 www.fonnepal.org

eoca european outdoor conservation association

Nepal Clouded Leopard Project

Lowe alpine

Madi Rural Municipality

# शुभकामना सन्देश

हामीले विगत १३ वर्षदेखि नेपालका विभिन्न जिल्लाहरुमा ध्वाँसे चितुवाको अध्ययन र संरक्षणका कामहरु गर्दै आएका छौं । क्यामेरा ट्रयापीङ्ग प्रविधीबाट यिनीहरु भए-नभएको पत्ता लगाउने, छन भने कति छन्, यिनको संरक्षणमा कस्ता चुनौतीहरु छन्, यिनलाई कसरी जोगाउन सकिन्छ भन्ने बारेमा विविध कार्यक्रमहरु गर्दै आइरहेका छौ । साना साना बालबालीकाहरुलाई यो लजालु प्रजातीको बारेमा जानकारी गराउनका लागि रेडियो कार्यक्रम, पोस्टर प्रकाशन आदि कामहरु गरिएको छ । यो पुस्तीका तिनै कार्यक्रमहरु मध्येको एक हो । यो पुस्तिका पढेर विद्यार्थीहरु मनोरञ्जीत हुनका साथै ध्वाँसे चितुवाको संरक्षण प्रतिको उनीहरुको चाहना पनि बढ्नेछ भन्ने आशा लिएको छु । पुस्तीका प्रकाशनको लागि विकाश घिमिरे र सुमन सापकोटालाई विशेष धन्यवाद् ।

शुभकामना ।

सुनिल थापा
अध्यक्ष
प्रकृतिका साथीहरु

# Wish Message!

“or the past 13 years we have been working on issues related to research and conservation of Clouded Leopard in Nepal. These include carrying out surveys to assess their presence-absence in certain areas, estimating their abundance-occupancy in areas where they are present, assessing the threats they have been facing in their natural habitat and sensitize people on how can they be conserved. We have produced radio programs and posters on clouded leopard conservation before and this booklet is another effort in the same direction. We hope that this booklet will serve two purposes i.e. 1) help student enjoy themselves while reading and 2) sensitize students on Clouded Leopard conservation. Special thanks goes to Mr. Bikash Ghimire and Suman Sapkota for the publication of this booklet.

Good luck!

Sunil Thapa
Chairperson
Friends of Nature



लेखन तथा अवधारणा

यादव प्रसाद घिमिरे

अवधारणा

राजु आचार्य

चित्रहरु

रोशन भण्डारी

भाषा सम्पादन

चुन बहादुर गुरुङ)



# मिलनसार ध्वाँसे चितुवा

सिद्धार्थ आफ्ना विद्यालयका अन्य बच्चाहरू जस्तै एक हँसिलो र जिज्ञासु बच्चा हुन् । सिद्धार्थ बिदाका बेला आफ्ना हजुरबुवालाई भेट्न जान आमाबुवासँग अनुमति माग्छन् । उनका हजुरबुवा भेडीगोठाला हुन् । त्यसैले उनको अधिकांश समय जंगलमै बित्छ । सिद्धार्थका आमाबाबुलाई उनको यो योजना खासै मन पर्दैन तर पनि छोरालाई वृद्ध हजुरबुवासँग भेट्न जान दिनुबाहेक अन्य कुनै विकल्प पनि थिएन । सिद्धार्थका बुवाले उनलाई जङ्गलस्थित हजुरबुवाको घरमा लैजान्छन्, त्यसपछि उनी घर फर्कन्छन् ।

सिद्धार्थ: नमस्ते हजुरबुवा ! म हजुरलाई भेट्न आएँ नि ।

हजुरबुवा: अहो, कस्तो अचम्म ! तँलाई केले लिएर आयो त यहाँ ?

सिद्धार्थ: म हजुरलाई भेट्न अनि सघाउन चाहन्थेँ ।

हजुरबुवा (रमाइलो गर्दै): तँ मलाई सघाउने ? साँच्चै हो ?

सिद्धार्थ: हजुरलाई विश्वास लागेन ?

हजुरबुवा (आश्वस्त हुन खोज्दै): लाग्यो लाग्यो ! म तिमीलाई जिस्क्याउँदै थिएँ ।

सिद्धार्थ : आज अलि थाकेको छु , म हजुरलाई भोलिबाट सघाउँछु नि हुन्न ?

हजुरबुवा: हुन्छ नि बाबु ! ल खाना खा अनि राम्रोसँग सुत् । हामी भोलिदेखि काम गरौँला ।

# The Friendly Clouded Leopard

Siddhartha is like every other kid in his school—cheerful and curious. An adventure-seeker, he asks his parents if he can visit his grandfather during his school holidays. His grandfather is a sheep herder who spends most of his time in the forest. Though Siddhartha's parents do not like the idea, they have no choice but to let their son visit the old man. Siddhartha's father takes him to his grandfather's corral in the forest, then returns home.

Siddhartha: Namaste Grandfather! I am here to see you.

Grandfather: Oh, what a nice surprise! What brings you here?

Siddhartha: I wanted to see you and help you with your work.

Grandfather (Amused): You want to help me? Are you sure?

Siddhartha: Why not? Don't you believe me?

Grandfather (Trying to look convinced): Sure I do! I was just kidding with you.

Siddhartha: I am  little tired today. I will help you from tomorrow, ok?

Grandfather: Oh, yes my boy! Eat this food and have a good sleep. We will work from tomorrow.



तरकारीसंग अलिकति भात खाएर सिद्धार्थ सुत्न जान्छन् । जब उनी विहान ब्यूँझन्छन, घरमा हजुरबुवालाई पाउँदैनन् । उनी अलिक छक्क पर्छन्, तर विचलित नभई उनी बाहिरिन्छन् र हजुरबुवा गाई दुहिरहेको देख्छन् । सिद्धार्थ मुस्कुराउँछन् किनकि उनलाई दुध मन पर्छ ।

सिद्धार्थ : हजुरबुवा ! हामीसँग कतिवटा गाई र भेडा छन् ?

हजुरबुवा : अहो नसोध् यस्ता कुरा ! पहिले त हामीसँग धेरै थिए । त्यो मोरो ध्वाँसे चितुवाका कारण अहिले धेरै बाँकी छैनन् नि बाबु ।

सिद्धार्थ स्तब्ध भए । तर पैले कहिले पनि नसुनेको अनौठो जनावरको नामले उनमा उत्सुकता जगायो ।

सिद्धार्थः ध्वाँसे चितुवा ? कस्तो मिठो नाम । मैले त यो नाम कहिल्यै सुनेको थिइनँ । यो कस्तो देखिन्छ हजुरबुवा ?

हजुरबुवाः मैले पनि कहिल्यै देखेको छैन । तर अरु गोठालाहरु भन्छन्, त्यसले हाम्रा गाईवस्तु खान्छ । मैले सामान्य चितुवा भने तीन पटक देखेको छु ।
तर जिज्ञासु सिद्धार्थले उनका कुरा खासै सुनेनन् किनकि उनी ध्वाँसे चितुवाबारे जान्न आफनै सोचमा हराइसकेका थिए । खानापछि जंगल पस्ने र ध्वाँसे चितुवालाई हेर्न उनी मानसिक रुपमा तयार हुन्छन् । केही समयपछि सिद्धार्थ खाना खान्छन् र हजुरबालाई नसोधिकन चितुवा हेर्न घना जंगल पस्छन् ।

Siddhartha eats a little rice with vegetables and goes to bed. When he wakes up in the morning, he can not see his grandfather in the corral. He is a little surprised, but without getting afraid, he goes outside and finds his grandfather milking cows. Siddhartha smiles because he loves milk.

Siddhartha: Grandpa! How many cows and sheep do we have?

Grandfather: Oh, do not ask! We had many more before. Thanks to Clouded Leopard, not many remain now.

Siddhartha was shocked but at the same time curious about the strange-sounding animal.

Siddhartha: Clouded Leopard? What a fancy name. I have never heard it before. What does it look like grandpa?

Grandfather: I've never seen one but other herders say it feeds on our livestock. I have seen a Common Leopard three times though.

But Siddhartha doesn't hear as he is already lost in his own thoughts about the Clouded Leopard. He makes up his mind to visit the forest and search for it after lunch. After some time he eats, then without asking his grandfather he quietly enters the dense forest.



करिब १० मिनेटको हिँडाइपछि सिद्धार्थले आफूलाई केहीले घेरेको जस्तो महसूस गर्न थाल्छन् । वरपर रुखहरु हल्लिरहेका छन् । उनी लामो श्वास लिन्छन् र मनमनै “म डराएको छैन, म आत्तिएको छैन” भन्छन् । तर उनको अनुहारमा त्रास प्रष्ट झल्किएको छ । उनी यसो पछाडि हेर्छन, त्यसपछि रुखहरुतर्फ हेर्छन् । उनले रुखको हाँगामा लङ्गुर बाँदरहरु हल्ला गरिरहेको देख्छन् । अचानक एउटा बाँदरले सिद्धार्थलाई सोध्छ ।

लङ्गुरः ओए केटा ! तिमी के खोज्दैछौ ?

सिद्धार्थः (अप्ठ्यारो मान्दै): म, ध्वाँसे चितुवालाई खोज्दै छु । तिम्लाई थाहा छ म उसलाई कहाँ भेट्न सक्छु ?

लङ्गुरः ए ! त्यो त रहस्यमयी छ ! हामी पनि त्यसलाई विरलै देख्छौं । उसलाई भेट्न त कि तिम्रो खप्परमै लेखेको हुनुपर्छ कि धैर्य चाहिन्छ । कहिलेकाहीँ, उसले हामीलाई पीछा गर्छ । ओहो, उसको रुख चढ्ने सिप त हाम्रो जस्तै छ । त्यसैले हामी जहिल्यै पनी उ आउँछ कि भनेर चनाखो भएर बस्दछौं। त्यहीपनि उसले हाम्रा धेरै परिवारका सदस्यहरु मारेको छ ।

After walking for nearly 10 minutes Siddhartha starts feeling like he is surrounded by something. Around him the trees are shaking. The boy repeats under his breath "I'm not scared. I'm not scared," but his face shows his fear. He looks behind him, then up into the trees. He sees langur monkeys in the tree and hears them making noise. Suddenly one of them asks.

Langur: What are you looking for, kid?

Siddhartha (uneasily): I'm looking for Clouded Leopard. Do you know where can I find him?

Langur: Oh, he is not easy to find! We rarely see him. You need to be very lucky or patient. Sometimes, he chases after us. His climbing skills are as good as ours so we are always on the lookout for him. Still he has killed many of us.



सिद्धार्थ (उत्साहित हुँदै): साँच्चै ? ध्वाँसे चितुवा रुख पनि चढ्छ ?

लङ्गुर: मैले तिमीलाई भनें नि- ऊ पनि हामी जस्तै रुख चढ्न सक्छ । ऊ रुख चढ्न सिपालु हुन्छ ।

सिद्धार्थ: जानकारीका लागि धेरै धेरै धन्यवाद ! म त हिडें ।

लङ्गुर: ठीक छ, ख्याल राख्नु है ।

आँखामा चमकका साथ सिद्धार्थ यात्रा पुन: शुरु गर्छन् । ध्वाँसे चितुवाबारे थप जानकारीले उनी खुसी छन् । डरलाग्दो र भिरालो गोरेटोतर्फ लम्कँदै गर्दा उनले झाडी हल्का चलेको देख्छन् । चनाखोका साथ सिद्धार्थ ध्वाँसे चितुवा भेटाउने आशामा बिस्तारै अघि बढ्छन् । तर उनले त रतुवा मृग भेट्छन् ।

रातो रंग अनी तिखो सिंगमा सजिएको भाले रतुवा मृग अत्यन्तै सुन्दर देखिएको छ । सिद्धार्थलाई देखेपछि हिडिरहेको रतुवा मृग एक्कासी रोकिन्छ र ध्यानपुर्वक उनलाई हेर्छ । सिद्धार्थ अलि अलि डराए पनि, रतुवालाई ढुक्क भएर सोध्छन् ।

सिद्धार्थ: के तिमीले ध्वाँसे चितुवा देखेका छौ ?

रतुवा मृग : तिमीलाई किन चाहियो ?

सिद्धार्थ: उसले मेरो हजुरबुवाको भेडा र गाई मारिरहेको छ । म उसलाई ठीक पार्न आएको हुँ ।

रतुवा मृग : पक्का ? मलाई लाग्छ उसलाई त बाँदर, रतुवा मृग र अरु जंगली जनावरहरु मात्रै खान मन पर्छ ।

सिद्धार्थ: मैले सुनेको छु ऊ त रुख पनि चढ्न सक्छ रे । के त्यो सत्य हो ?

Siddhartha (Excitedly): Really? Clouded Leopard climbs trees?

Langur: I told you—he can climb as well as us. He's an expert climber!

Siddhartha: Thank you very much for the information! I have to keep going.

Langur: Alright, take care!

Siddhartha starts walking again, with a glint in his eyes. He's happy to have learned more about Clouded Leopard. Walking along a dangerous, cliff-side trail, he notices slight movement in the shrubs ahead. Alert, Siddhartha moves slowly hoping to find Clouded Leopard but it is a Barking Deer. With reddish coloured fur and pointed antlers (horns) the male deer looks very handsome. The deer suddenly stops and carefully looks towards Siddhartha. A little worried, Siddhartha confidently asks to Barking Deer.

Siddhartha: Have you seen Clouded Leopard?

Barking Deer: Why do you ask?

Siddhartha: He has been killing my grandfather's sheep and cows. I have come to teach him a lesson.

Barking Deer: Are you sure? I think he likes eating only monkeys and deer.

Siddhartha: I have heard he can climb trees. Is that true?



रतुवा मृग : उसको लागि, रूख चढ्नु त रमाइलो गर्नुजस्तै हो । उसको सुन्ने शक्ति गज्जबको छ र आफ्नो शिकारलाई पछ्याउने अद्भुत क्षमता पनि छ । ऊ तिमीभन्दा कति टाढा छ भन्ने तिमीलाई थाहा हुँदैन । हामी अत्यन्तै होसियार हुनुपर्दछ, किनकि उसले हामीमाथि अचानक हमला गर्न सक्छ ।

सिद्धार्थ: वाह, गजब छ ! तिमी कसरी जोगिन्छौ त ?

रतुवा मृग: हामी सधैं सतर्कताका साथ हेरिरहन्छौं । हामी चरिरहँदा पटक पटक आफ्नो क्षेत्र वरिपरि हेर्छौं । हामी उसको गन्ध सुँघि बस्छौं - यदि हावा सही दिशाबाट चलिरहेको छ भने, ऊ भए नभएको हामी थाहा पाइहाल्छौं ।

सिद्धार्थ: यो जान्न पाउनु धेरै राम्रो हो । धन्यवाद र अहिलेलाई विदा । म त अघि बढ्नु छ ।

सोचमा हराउँदै सिद्धार्थ फेरी हिड्न थाल्छन् । उनको मनमस्तिष्क अब पूर्णतया हजुरबुवाले घृणा गर्ने प्राणीमा केन्द्रित छ । तर अहिले त्यो प्राणीको प्रशस्त प्रशंसनीय गुणहरू देखिन थालेका छन् । ध्वाँसे चितुवाको रुख चढ्ने कला, फूर्ति र तिव्रताले सिद्धार्थको कल्पनालाई कब्जा गरेको छ ।

पातहरूका आवाजले उनको ध्यान खिच्नु अघिसम्म ऊ केही बेर हिँडिरहन्छ । सिद्धार्थले बाक्लो झाडी पछाडि लुकेर वरपर नजर डुलाउँछ। करिब २० मिटर पर एक लामो र बाक्लो पुच्छर भएको ठूलो बिरालो जस्तो प्राणी ठूलो खस्रुको रूखतर्फ अचम्मको गतिमा हिँडिरहेको देख्छ । एकैछिनमा त्यो रूखको फेदमा पुग्छ, रूखको तलको हाँगा समाउँछ र चढ्न थाल्छ । सिद्धार्थ तीन छक पर्छ । अब के गर्ने ? उसलाई के गर्ने थाहा हुँदैन। त्यो जनावर जमिनदेखि नजिकको हाँगामा बसिरहेको छ ।

सिद्धार्थ एकछिन गम्छ र त्यो प्राणीको सामना गर्ने निधो गर्छ । ऊ झाडीबाट निस्कन्छ र रूखतिर लम्कन्छ । जिज्ञासु तर शान्त बिरालोले केटोलाई हेर्छ । सिद्धार्थ अलमल्ल पर्छ - ऊ पछि हट्न चाहँदैन । तर अगाडि जान पनि डराउँछ । उसले बोल्ने हिम्मत जुटाउँछ, र अड्किदै बोल्छ:

सिद्धार्थ: को हो... तिमी को हौ ?

ध्वाँसे चितुवा: म ध्वाँसे चितुवा हुँ ।

Barking Deer: For him, climbing trees is fun. He also has very good hearing ability and he is very fast in chasing his prey. You will not know if he is far away or just behind you. We need to be very careful because he can suddenly attack us.

Siddhartha: Wow, that is amazing! How do you stay safe?

Barking Deer: We are always very careful. No matter what we are doing, every few seconds we glance around the area. We also test the air for his scent—if the wind is blowing from the right direction, we'll know he's there.

Siddhartha: That is very good to know. Thanks and goodbye. I have to keep moving.

Lost in thought, Siddhartha starts walking again. His mind now is totally focused on the creature his grandfather hates, but which now seems to have many admirable traits. The climbing skill, quietness and quickness of Clouded Leopard have captured Siddhartha's imagination.

He walks for sometime before a rustling of leaves catches his attention. Siddhartha hides behind a thick bush and scans the area. About 20 meters away is a stocky, cat-like creature with a long, thick tail moving towards a big oak tree with amazing swiftness. It reaches the base of the tree in a flash, springs onto the trunk, and starts climbing. Siddhartha is amazed. He is not sure what to do. The animal is now sitting on the first branch from the ground.

After considering, Siddhartha decides to confront the creature. He emerges from the bush and walks towards the tree. Curious yet unfazed, the cat looks at the boy. Siddhartha is confused—he doesn't want to return back but is scared to go further. He gathers the courage to speak, and stammers:

Siddhartha: Who... Who are you?

Clouded Leopard: I am Clouded Leopard.



सिद्धार्थ (उत्साहित हुँदै) : साँच्चै ?

ध्वाँसे चितुवा: कुनै शंका ?

सिद्धार्थ (अलमल्ल पर्दै): होइन ।

ध्वाँसे चितुवा: तिमी को हौ? अनि तिमी किन यहाँ ?

सिद्धार्थ: म तिमीलाई खोज्दै थिएँ । घरपालुवा जनावरहरूलाई मारेकोमा मेरो हजुरबुवा लगायत यो जङ्गल प्रयोग गर्ने गोठालाहरूले तिमी र चितुवालाई दोष लगाइरहेका छन् । के यो साँचो हो?

ध्वाँसे चितुवा: गोठालाहरु सही छन् । तर त्यहाँ धेरै कारणहरु छन् जसले हामीलाई मानव वस्ती र गोठतर्फ जान बाध्य बनाउँछ ।

सिद्धार्थ: के भन्न खोजेको ?

ध्वाँसे चितुवा: हामी जानाजानी मानव वस्तीबाट पर हुन चाहन्छौं - तिनीहरु हाम्रा निम्ति खतरनाक हुन सक्छन् । तर, हालैका वर्षहरुमा मान्छेहरु धेरै बढे, बस्ती र खेतबारीका लागि धेरै वनक्षेत्र नाश गरे ।

सिद्धार्थ : साँच्चै ? मलाई त्यो थाहा थिएन ।

ध्वाँसे चितुवा: हेर, मानिसहरु गाई, भेडा, बाख्रा, सुँगुर र कुखुरा जस्ता जनावरहरु पाल्ने भएता पनि तिनीहरुले मासुको लागि मृगजस्ता जङ्गली जनावरहरुको शिकार गर्छन्, जुन हाम्रा निम्ति निकै ठूलो समस्या हो । जंगलमा मैले शिकार गर्ने थोरै जनावरहरु मात्र भएपछि हामी बाँच्नका लागि घरपालुवा पशु मारिखानु बाहेक अरु कुनै विकल्प नै छैन ।

सिद्धार्थ: मान्छेहरु ती सुन्दर मृगहरु मार्छन् ? मलाई यो कहिल्यै थाहा थिएन । म त यो कुरो मेरो परिवारलाई भन्छु ।

Siddhartha (excited): Really?

Clouded Leopard: Do you doubt it?

Siddhartha (confused): No.

Clouded Leopard: Who are you? And why are you here?

Siddhartha: I have been looking for you. A lot of herders who use this forest blame you and Common Leopard for killing their animals, including my grandfather. Is it true?

Clouded Leopard: The herders are correct but there are many factors that push us towards human settlements and livestock corrals.

Siddhartha: What do you mean?

Clouded Leopard: We mostly avoid human settlements—they can be dangerous for us. But as the human population has grown a lot in recent years, much forest area has been cut down to make way for villages and farm fields.

Siddhartha: Really? I did not know that.

Clouded Leopard: Also, although humans raise animals like cows, sheep, goats, pigs and chickens, they still hunt wild animals like deer for meat, which is really a big problem for us—when there are few animals here in the forest we have no option but to kill livestock.

Siddhartha: Humans kill those beautiful deer. I never knew this. I will tell my family.



ध्वाँसे चितुवा: सुन बाबु, कुराहरु धेरै छन् । हाम्रा शरीरका अंग बेच्न मानिसहरु हामीलाई मार्छन् । तिनीहरु अक्सर हामीले गाइवस्तु मार्ने भएकाले यस्तो गरिएको बताउछन् । तर, यो सत्य होइन । आजभोलि त अझ ठूला समस्याहरु आईलागेका छन्। हाम्रो वासस्थानमा उनीहरु बाँध र सडक निर्माण गर्छन् जसले वातावरण बिगार्न सक्छ, उनीहरु यो कुरा राम्ररी बुझ्दैनन्।

सिद्धार्थ: यो त अति भयो !

ध्वाँसे चितुवा: हो, त्यसो त संसारमा असल मान्छेहरु पनि छन् । गत सालको कुरो हो, वन छेउमा एक बाख्रा पछ्याइरहँदा म आफै फसेँ । मेरो ज्यान बचाउन एक बाबुले पशुमालिकलाई सम्झायो अनि म त्यहाँबाट फुत्कन सकेँ, त्यो बाबु नभएको भए, म अहिले तिमीसँग यसरी कुरा गरिरहेको हुने थिइनँ ।

सिद्धार्थ: कुनै जंगली जनावर पासोमा भेटेँ भने म पनि त्यसै गर्छु । म मेरा साथीहरु र परिवारलाई पनि कसरी हाम्रो कारणले जंगली जनावरहरु र तिनका वासस्थानलाई क्षती पुगेको छ भन्ने कुरा सम्झाउँछु । सबै पैसाका पछि मात्र लाग्दैनन् । धेरै मानिसहरु यस्ता पनि छन् जो साँच्चै जंगली जनावरहरुका निम्ति लडिरहेका छन् ।

ध्वाँसे चितुवा: यो कुरो थाहा पाएर राम्रो लाग्यो बाबू । धेरै धेरै धन्यवाद ! अब म जानुपर्छ, शिकार गर्न मलाई ढिला भइसक्यो । तिम्रो जंगल बसाइ शुभ रहोस् ।

सिद्धार्थ: धेरै धेरै धन्यवाद !

आफ्नो लक्ष्य पूरा गरेपछि सिद्धार्थ आफ्नो हजुरबुवाको गोठतर्फ फर्कीए । अनौठो चितुवासँगको त्यो अविष्मरणीय भेट सिद्धार्थले अझै विश्वास गर्न सकिरहेको छैन । त्यो भेटपछि सिद्धार्थले सुन्दर वन र वन्यजन्तु बचाउन केही न केही गर्ने अठोट लिएका छन् ।

Clouded Leopard: Listen boy, there is more. People also kill us to sell our body parts. And often they say it is because we kill their livestock, but it is not always true. There is an even bigger problem these days—people building dams and roads in our habitat without properly understanding how that can degrade the environment.

Siddhartha: That is very bad!

Clouded Leopard: Yes but there are some good people in this world. Last year, I was trapped while chasing a goat near a corral at the edge of this forest. A guy talked with the owner of that corral and requested him to let me go. I would not be here talking to you now if he had not been there.

Siddhartha: I'll do that too if I find any trapped wildlife. I will also tell my friends and family about how our actions are disturbing wild animals and their habitat. Not everyone cares only about money—there are also lots of people who are genuinely fighting for you all.

Clouded Leopard: That's good to know kid. Thank you so much! I have to go, I'm getting late for my hunt. Have a nice time in the jungle!

Siddhartha: Thank you so much!

His mission accomplished, Siddhartha starts walking back to his grandfather's corral, hardly believing he has met the strange Clouded Leopard, and determined to do something to protect the forest and its animals.









